**<u>“सभ्य र समृद्ध तुम्बेवाको आधारः कृषि, पर्यटन र गुणस्तरीय पूर्वाधार”</u>**

**गाउँसभाका सम्पूर्ण सदस्यहरु,**

१. नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, परिमार्जित दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको पन्ध्रौ योजना मार्गदर्शन, संघ तथा प्रदेश सरकारले तय गरेका नीति तथा प्राथमिकताहरु, गाउँपालिकाको वस्ती, टोल तथा वडा स्तरबाट आएका सुझावहरु, बुद्धिजीवि वर्ग तथा सरोकारवालाहरुबाट प्राप्त सल्लाह-सुझाव, स्रोत र साधनको उपलब्धतालाई मध्यनजर गर्दै तुम्बेवा गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न लागेको छु ।

२. नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वभिमान, लोकतन्त्र र जनजिविकाको लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । नेपाली समाजको रुपान्तरणमा वहाँहरुले पुर्‍याउनु भएको महान योगदानको उच्च मूल्याङ्कन गर्दै हार्दिक सम्मान व्यक्त गर्दछु ।

३. कोभिड-१९ दोस्रो चरणको विषम परिस्थितिको बावजुद यस सभालाई संबोधन गर्ने क्रममा महामारीबाट संक्रमित भई जीवन गुमाउने सम्पूर्ण नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै तुम्बेवा गाउँपालिका कै महामारीबाट जीवन गुमाउनु हुने श्री हर्क प्रसाद शेर्मा प्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै शोकाकूल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछु । यसका अलावा संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. विगत बर्ष झै यस बर्ष पनि कोभिड-१९ ले समग्र अर्थ व्यवस्थामा असर पुऱ्याएको सबैलाई सर्वविदितै छ। यस अर्थमा तुम्बेवा गाउँपालिका पनि अपवाद

हुन सकेन निर्दिष्ट लक्ष्य अनुसार आयोजनाहरु संचालन गर्न कठिनाई हुँदा तुम्बेवाको समग्र विकासमा प्रत्यक्ष असर परेको छ । परिणाम स्वरुप, गाउँपालिकाको लक्ष्य प्राप्तिमा ठूलो व्यवधान खडा भएको छ ।

५. कोभिड १९ को संक्रमण प्रारम्भ भए लगतै अवलम्वन गरेको रणनीति, समन्वयात्मक भूमिका एवम् सबै नागरिकको एकता, धैर्यता र सहयोगले अहिले सम्म यस रोगको संक्रमणबाट यस गाउँपालिका भित्र सबैको जीवन रक्षा गर्न लागि परेका छौं । संक्रमण फैलन नदिन र यस महामारी माथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एक ढिक्का भएर दृढताका साथ लाग्न सबैमा आह्वान गर्दछु ।

६. जोखिमपूर्ण परिस्थितीमा अग्रपंक्तिमा रहेर सेवागर्ने स्वास्थ्यकर्मी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, जनप्रतिनिधि र एम्बुलेन्स चालकहरुको उच्च प्रशंसा गर्दछु । तुम्बेवा गाउँपालिकालाई महामारीबाट जोगाउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने विभिन्न संघ-संस्था, सरकारी निकाय, बुद्धिजीवी तथा सरोकारवालाहरुलाई धन्यवाद दिन चाहान्छु ।

७. स्थानीय सरकार गठन भएको चार बर्ष पुरा भएको छ । शुन्य विन्दुबाट यात्रा शुरु गरेर नयाँ अनुभव र अभ्यासका साथ केही महत्वपूर्ण र ठोस उपलब्धीहरु सहित केही अर्थपूर्ण चुनौतीहरुको साथ गाउँपालिका अगाडी बढिरहेको छ ।

८. **'सभ्य र समृद्ध तुम्बेवा'** को निर्माण गर्न गाउँपालिकाले नेपालको संविधान २०७२ मा उल्लेखित अधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ बाट प्रद्धत्त अधिकारहरुको प्रयोग गर्दै आधारभूत ऐन, नियम र कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयन गर्दै प्राप्त एवम् उपलब्ध स्रोत साधनहरुको समुचित र समानुपातिक रुपमा परिचालन गरी विकास निर्माण लगायतका अन्य

कामहरुबाट गाउँपालिका वासीमा '**सभ्य र समृद्ध तुम्बेवा'** को आधार तय गर्न स्थानीय सरकार सफल भएको छ ।

९. विकट र पिछ्याडिएको क्षेत्रले परिचित 'तुम्बेवा गाउँपालिका' लाई पछिल्लो समयमा पाँचथर जिल्लामा फरक पहिचान बनाउन हामी केही हदसम्म सफल भएका छौं । यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि साथिहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दल बुद्धिजीवी वर्ग तथा सम्पूर्ण गाउँपालिकावासीहरुलाई विशेष धन्यवाद दिन चाहान्छु ।

१०. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, संघिय तथा प्रदेश सरकारका नीति, कार्यक्रम तथा प्राथमिकताहरु गाउँपालिकाको लक्ष्य तथा प्राथमिकताहरु, आवधिक योजना, विगतका उपलब्धीहरु, आगामी गन्तव्यनै तुम्बेवा गाउँपालिकाको नीति कार्यक्रम तथा योजना तर्जुमा गर्न मूल आधार र मार्गदर्शन रहेका छन् ।

**सम्पूर्ण सदस्यहरु**

**अब म आर्थिक बर्ष २०७७/०७८ का साथै हालसम्मका उपलब्धीहरुलाई संक्षेपमा उल्लेख गर्न चाहान्छु ।**

११. कोभिड अस्थायी अस्पतालको स्थापनासँगै जनशक्ति व्यवस्थापन गरी संक्रमितलाई सेवा उपलब्ध गराइएको छ । दिर्घ रोगीहरुलाई औषधी वितरण तथा विपन्न वर्गलाई "कामका लागि खाद्यान्न" मार्फत राहत उपलब्ध गराइयो ।

१२. तुम्बेवा गाउँपालिकाको कार्यालय अन्तर्गत विषयगत शाखाबाट सशर्त रकम बाहेक थप रकम व्यवस्थापन स्थानीय सरसफाई प्रत्याभूती दिदै नागरिकलाई सेवा प्रदान गरियो ।

१३. तुम्बेवा गाउँपालिकाको समन्वयमा बार्षिक रुपमा एकिकृत सेवा शिविर तथा भू-सेवा शिविर संचालन गरी जनतालाई घर दैलोमा सेवा उपलब्ध गराइएको छ ।

१४. साँवा खोला-यावुनी-जोरसल्ले-हात्तिकिच्चे-तिल्केनी हुँदै पेकुवा दोभानसम्म तुम्बेवा गा.पा.को विच भागलाई समेटी कृषि सडक स्तरोउन्नती, मौवा-जोरसल्ले-जरायोटार र साँवा खोला मोटरबाटो स्तरोन्नती, पसलटार देखि थेपाङ हुँदै लखुवा जोड्ने मोटरबाटो यस बर्ष सडक बोर्डको लगानी तथा वडाको लगानीमा स्तरोन्नती, पसलटार, साविक आङ्ना ९ हुदै कुम्मायक गाउँपालिकाको माङ्जाबुङसँग जोड्ने बाटोको निर्माणले अधिकतम यातायत सेवा पुऱ्याएको छ । दशमी बजार- निगाले- कोप्चेडाँडा-तिल्केनी-हात्तिकिच्चे-खैरेनी-चुवाडे- थेपाङ, आङ्ना- वलने तीनघरे हुँदै पोखरीबाट दशमी सम्मको रिङरोड जोडिइसकेको, मिक्तोक चौक-चुवाडे-हाक्पारा मोटरबाटो स्तरोन्नती भै रहेको र यस बर्ष उक्त मोटरबाटो DPR गरी हाक्पारा पक्की पुलसम्म जोडी मध्यपहाडी राजमार्गसम्म जोडिने भएकोले तुम्बेवावासीमा यातायतको पहुँच पुऱ्याउने छ ।

१५. मध्य पहाडी लोकमार्गसँग प्रत्यक्ष जोडिने र तुम्बेवाका सम्पूर्ण जनतालाई बैकल्पिक मोटरबाटोका लागि संघीय सरकार र स्वीस सरकारको संयुक्त लगानीमा मोटरेवल पक्कि पुल निर्माण कार्य सञ्चालन भइरहेको छ ।

१६. तुम्बेवा-४ वगरबारी सराङडाँडा जोड्ने झोलुङ्गे पुल, तुम्बेवा-५ चाक्सिबोटेमा आरुबोटेसँग जोडिने बाटोमा यहि आ.व.मा झोलुङ्गे पुल निर्माणको लागि आवश्यक बजेटको व्यवस्थापन गरिएको साथै नयाँखोला, गंगेटार र

नयाँखोलाको यावरादोभान मुनी २ वटा झोलुङ्गे पुल निर्माणको लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ ।

१७. ५ वटै वडामा बृहत तमोर लिफ्ट खानेपानी आयोजना संचालनको लागि जनताले जम्मा गर्ने १ प्रतिशत रकम बरावरको रकम तुम्बेवावासी जनताको आर्थिक अवस्थालाई मध्यनजर गरी रु १ करोड रकम लगानी गरी जनतामा राहतको अनुभूति गराइएको छ ।

१८. तुम्बेवाको ५ वटै वडाहरुमा खानेपानी व्यवस्थापन गर्न भएका स्थानीय श्रोतहरुलाई परिचालन गरी खानेपानी ट्यांकी निर्माण, पाइप वितरण विभिन्न खानेपानी आयोजना मर्मत संम्भार लगायतका कार्यहरु संचालन गरी स्वच्छ पिउनेपानी व्यवस्थापन गरिएको छ, प्रदेश सरकारको सहयोगमा उपलब्ध खानेपानी ट्यांकरबाट विवाह, भोजभतेर लगाय खानेपानी अभाव भएका व्यक्ति तथा समूहमा खानेपानी उपलब्ध गराइएको छ ।

१९. विजुलीबत्ति विस्तार कार्यक्रम अन्तर्गत तुम्बेवा गाउँपालिकाको वडा नं १, २ र ३ मा विद्युत सहकारी मार्फत विस्तार कार्यक्रम संचालन भइरहेको छ । उक्त आयोजना संचालन गर्न जनताको लागत सहभागीताको आधारमा १० प्रतिशत रकम बराबरको रकम १ करोड र संसद विकास कार्यक्रम अन्तर्गत माननिय बसन्त कुमार नेम्बाङ बाट रु ५० लाख रकम समेत रु. १ करोड ५० लाख रुपैया लगानी गरिएको छ । तुम्बेवा गाउँपालिका वडा नं ४ र ५ मा विद्युत प्राधिकरणबाट नियमित कार्यक्रम संचालन भइरहेको छ । वडा नं ४ को बाँकी ठाउँमा विद्युत विस्तारको लागि टेण्डर भइसकेको सम्झौता भै चाडै काम शुरुहुने अवस्थामा छ । वडा नं ५ को लागि आवश्यक व्यवस्था भई चाडै काम सुरु हुने अवस्थामा रहेको छ ।

२०. विपन्न वर्गका परिवारलाई प्रत्येक बर्ष गाउँपालिकाबाट निःशुल्क २० वाटको सोलार बत्ति उपलब्ध गराउँदै गरेको अवस्था तपाइँहरुको माझमा छर्लङ रहेको छ ।

२१. श्री इन्द्राणी मा.वि. मा पशु विज्ञान कक्षा संचालन गरी व्यवसायीक जनशक्ति तयार गर्ने कार्य शुरुवात भएको, राष्ट्रिय योजना आयोगमा योजना माग गरी ६ वटा मा.वि. हरुमा ICT ल्याव स्थापना गरिएको, सबै तहका शिक्षक शिक्षिकाहरुलाई मागमा आधारित तालिम सम्पन्न गरिएको, विद्यालयमा मागमा आधारित रहि विज्ञान प्रयोगशाला, पुस्तकालय, बुक कर्नर र प्रशासनिक कार्यका आवश्यक सामाग्रीहरु वितरण गरिएको छ ।

२२. भौतिक संरचना अनुसार २ कोठे भवन, ४ कोठे भवन, शौचालय, कार्यालय मर्मत, विद्यालय मर्मत कार्य सबै विद्यालयमा संचालन भएको, स्थानीय तहले ७ वटा बा.वि.के. स्थापना गरी स.का. को व्यवस्था भएको, शिक्षक दरवन्दी मिलान गरी विद्यार्थी शिक्षक अनुपातमा दरवन्दी मिलान कार्य सम्पन्न गरिएको छ ।

२३. कोभिडको दोस्रो लहरलाई रोकथाम नियन्त्रण गर्न यस बर्ष मंसिर देखि एम.बि.बि.एस डाक्टर र स्वास्थ्यकर्मीको व्यवस्थापन गरी हालसम्म कोभिड अस्पताल संचालनमा रहिरहेको छ। आयुर्वेद अस्पताललाई कोभिड अस्पतालको व्यवस्थापन गरी नयाँ एक हल निर्माण कार्य सम्पन्न गरी हाल आइसोलेसन बेड १० थान व्यवस्थापन गरिएको छ ।

२४. स्थानीय तहले तुम्बेवा ४ र तुम्बेवा १ मा सामुदायीक स्वास्थ्य चौकी स्थापना, वडा नं २ मा आधारभूत स्वास्थ्य चौकी निर्माण, तुम्बेवा ५ कोप्चेडाँडामा गाउँघर क्लिनिक निर्माण भएको छ ।

२५. गाउँपालिकाको आयोजनामा व्यापक स्वास्थ्य शिविर संचालन गरी धेरै जनताले स्वास्थ्य लाभ लिने अवसर उपलब्ध गराइएको, गाउँपालिकाको आयोजनामा स्वास्थ्य तथा भू-सेवा शिविर संचालन गरी बृद्धा, अशक्त लगायत तुम्बेवावासीलाई धेरै ठूलो सुविधा उपलब्ध गराइएको छ ।

२६. तुम्बेवा गाउँपालिका अन्तर्गत ५ वटै वडामा गाउँपालिकाको तर्फबाट पशुसेवा कार्यालय स्थापना गरी वडा नं १, २ र ४ मा पशु प्राविधिक र कार्यालय सहयोगीको व्यवस्था, औषधी तथा उपचारको व्यवस्था साथै घुम्ति शिविर सेवाहरु वडास्तरसम्म संचालन गरिएको छ ।

२७. सुख्खा क्षेत्रमा प्रदेश सरकार र स्थानीय सरकारको संयुक्त लगानीमा राहत वितरण कार्यगरिएको छ । कृषि क्षेत्रमा फौजी किरा रोकथाम तथा नियन्त्रणको लागि अघिल्लो आ.व.मा ७५ प्रतिशत अनुदानमा विषादी वितरण, यो वर्ष नि:शुल्क  रुपमा सबै वडामा प्रति घर १ प्याकेटको दरले विषादी उपलब्ध गराइएको छ । कि.वी. खेती, बेल खेती, कफि खेती लगायत विरुवा वितरण गरी भूगोलको आधारमा पहिचान गरी खेती योग्य जमिनलाई विस्तार गरी व्यवसायीक खेतीमा लाग्न प्रेरित  गरिएको छ । सुख्खा क्षेत्रमा सिँचाईको लागि प्लाष्टिक पोखरीको  माध्यमबाट सिँचाईमा प्रभावकारीता ल्याउन सबै वडामा वितरण कार्य गरिएको छ ।

**अब म आर्थिक बर्ष २०७८/०७९ को मुख्य-मुख्य नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

२८. कृषिमा व्यवसायीकरण तथा रोजगारी सृजना, कला भाषा संस्कृतीको संरक्षण, पर्यटन प्रबर्द्धन प्राविधिक तथा प्रविधिमैत्री शिक्षा, दिगो पूर्वाधार विकास, सुशासनको प्रत्याभूति एवं प्राकृतिक सम्पदाहरुको संरक्षणबाट जीवनस्तरमा सुधार गर्दै समतामूलक समाज निर्माण गर्दै लगिनेछ ।

२९. यस बर्ष स्थानीय तह, प्रदेश, संघ, स्वीस सरकाको साझेदारीमा नयाँखोलामा ओडारे कुलो र गौजेकुलो मर्मत सम्भारको आयोजना रहेको छ। ५ वटा बडाका २६ वटा सिँचाई कुलोहरुको स्वीस सरकारको प्राविधिक सहयोगमा DPR भै सकेको र आगामी आ.व.मा उक्त आयोजनाहरु क्रमशः स्थानीयतह, प्रदेश सरकार र संघीय सरकार र स्वीस सरकारको संयुक्त लगानीमा आयोजना संचालन हुँदै जाने लक्ष्य राखिएको छ । नयाँखोला, राई वेसी देखी खैरेनी वेसी हाक्पारासम्मको सिँचाई आयोजना DPR सम्पन्न भएको र उक्त आयोजना प्रदेश तथा संघीय सरकारमा माग गरी संचालन गरिनेछ ।

३०. सप्तमी, दशमी, ओखरबोटे, मौवा र लखुवा मोटरबाटो निर्माण भै हालसम्म निरन्तर सेवा उपलब्ध भैरहेको छ । उक्त मोटरबाटो यस बर्ष एक पालिका एक कालोपत्रे सडक निर्माण अन्तर्गत मिति २०७७/१२/०१ गते स्थानीय पूर्वाधार विकास आयोजना इटहरीमा सम्झौता भै सकेको र यही आ.व.मा बाटो कालोपत्रेको टेण्डरको लागि समपुरक बजेटको व्यवस्था, मौवा डिहिटार मोटरबाटो स्तरोन्नती भै यस बर्ष देखि बस तथा ट्रक सेवा संचालनमा ल्याउन सक्ने अवस्थामा पुगेकाले उक्त मोटरबाटो यहि आ.व.मा संघीय सरकारबाट

कालोपत्रे गर्न रातो किताबमा रु. १० करोड विनियोजन भएको हुनाले यसै बर्षबाट निर्माण कार्य सुरु हुनेछ ।

३१. मौवा, याङ्खुवा, वलने र सराङडाँडा जोड्ने बाटो निर्माण सँगसँगै निरन्तर सेवा उपलब्ध गराइएको छ । यस बाटोलाई DPR गरी ग्राभेल गर्नको लागि योजना निर्माण गरिएको छ । वलने, तीनघरे, धुँवाखोला, पोखरी हुँदै दशमी सम्मको मोटरबाटो निर्माण कार्य पुरा गरी निरन्तर संचालनमा आएको छ । आगामी दिनमा DPR गरी स्तरोन्नती गर्दै लगिनेछ । ओखरबोटे, मसले, तील्केनी मोटरबाटो स्थानीयतह र शहरी विकास कार्यालयको लगानीमा निर्माण तथा स्तरोन्नती  गरिएको छ । उक्त मोटरबाटोलाई ट्रक लेवलको तील्केनी सम्म स्तरोन्नती गर्नको लागि आगामी दिनमा विशेष पहल गरिनेछ ।

३२. मसले, लफना र आहालडाँडासम्मको मोटरबाटो निर्माण भै संचालनमा रहेका र उक्त मोटरबाटो क्रमशः अगाडी बढाइ मिक्लाजुङ गाउँपालिकाको आरुबोटे केराबारीसम्म आगामी दिनमा जोड्ने लक्ष्य रहेको छ । तिल्केनी, आहालडाँडा, तिराङभराङ हुँदै नयाँखोला जोड्ने मोटरबाटो स्तरोन्नती भै हाल निरन्तर सेवा उपलब्ध गराइरहेको र उक्तबाटोलाई DPR गरी अन्तरपालिका जोड्ने बाटो कालोपत्रे गर्न आवश्यक पहल हुनेछ । वलने,माङ्जाबुङ मोटरबाटोलाई DPR गरी अन्तर गाउँपालिका जोड्ने मोटरबाटोलाई कालोपत्रे गर्न आवश्यक पहल गरिनेछ ।

३३. मौवा बजार, थापा गाउँ ढोडने मालबासे मोटरबाटो, देउराली ठूलोगाउँ, साँधने मोटरबाटो, झाकोट, हाक्पारा मोटरबाटो, गिदेलटोल देखि सूर्यटोल मोटरबाटो, हात्तिआहाल, यावरादोभान, हात्तिपाइले देखि कोप्चेडाँडासम्म मोटरबाटो निर्माण

लगायत विभिन्न छोटा साना मोटरबाटो निर्माण तथा स्तरोन्नती गरिएको छ ।

३४. तुम्बेवा-१ को सिम्सेमा र तुम्बेवा-२ को हाक्पारामा जिल्ला सिँचाई कार्यालयबाट सिँचाई आयोजना संचालित अवस्थामा रहेको छ । तालबारी सिँचाई आयोजना जिल्ला सिँचाई कार्यालयबाट टेण्डरमा संचालन भइरहेको, धनपती कुलो, कुयाले कुलो, पेकुवा सिँचाई याङ्खुवा सिँचाई जस्ता सिँचाई आयोजना संचालन भई उतपादन र उत्पादकत्व बढाइएको छ ।

३५. स्वास्थ्य सेवामा गुणात्मक सुधार सँगै जनताको पहुँचयोग्य बनाउँदै कोभिड-१९ को महामारीबाट नागरिकलाई बनाउने प्रमुख दायित्व हुनेछ । कोभिड संक्रमणबाट नागरिकलाई बचाउन PCR तथा एन्टिजेन टेष्टको दायरालाई बढाउँदै खोपको लागि सम्बन्धित निकाय समक्ष विशेष पहल गरिनेछ ।

३६. श्रमिक, किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी सीप विकास तालिम र रोजगारी सम्बन्धि विशेष कार्यक्रम संचालन गरिनेछ ।

३७. उपभोक्ता समिति गठन गर्दा क्षेत्रगत, लैङ्गिक, जातिय समानुपातिक प्रतिनिधित्व तथा लक्षित वर्गलाई प्राथमिकता दिइनेछ । र उक्त समितिको आवश्यकता अनुसार क्षमता अभिबृद्धि गरिनेछ ।

३८. योजनाहरु छनौट गर्दा अल्पकालिनलाई आ.व. भित्रै र दिर्घकालिन योजनालाई क्रमशः कार्यान्वयन गर्दै लगिने नीति अङ्गिकार गरिनेछ ।

३९. जथाभावी सडक निर्माण गर्ने कार्यलाई पूर्णत विशेष गरी वातावरण प्रभाव मूल्यांकन एवं डि.पि.आर. पश्चात बायो ईञ्जिनियरिङ प्रविधि अपनाई सडक निर्माण गर्ने परिपाटिको विकास गरिनेछ ।

४०. संघीय सरकारबाट प्राप्त विशेष अनुदानलाई सम्पूर्ण वडाहरुमा समानुपातिक रुपमा कार्यान्यिन गरिनेछ । साथै समपुरक कोषको व्यवस्था गरी प्रदेश तथा संघीय सरकारसँग प्राप्त हुने समपुरक अनुदानलाई गाउँपालिकाको ठूला तथा महत्वपूर्ण योजना सम्पन्न गर्ने नीतिलाई अङ्गिकार गरिनेछ । शिक्षा, स्वास्थ्य, कृषि, पशु, वन तथा पर्यटन जस्ता विषयगत शाखाहरुलाई आएको सशर्त अनुदानको रकमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति लिइनेछ ।

४१. कोभिड-१९ को दोस्रो लहरले सिर्जित प्रतिकुल परिस्थितीलाई मध्यनजर गरी करको क्षेत्र विस्तारसँगै करका दरहरुलाई परिस्थिती सापेक्ष आंशिक रुपमा संशोधन गरिनेछ ।

४२. गत आर्थिक बर्षका सम्पन्न हुन नसकेका महत्वपूर्ण योजनाहरुलाई निरन्तरता दिई सम्पन्न गरिनेछ । यसको अलावा दीर्घकालिन योजनाहरुको लागि प्रदेश सरकार तथा संघीय सरकार समक्ष पहल गरिनेछ ।

४३. **“तुम्बेवाको आधारः गुणस्तरीय पूर्वाधार”** लाई सम्बोधन गर्न गाउँपालिका केन्द्र र वडा कार्यालयहरुमा पुग्ने बाटोहरुलाई स्तरोन्नती गर्दै यातायतलाई सहज बनाइनेछ । गा.पा.को केन्द्रसम्म पुग्ने एक पिचको अवधारणालाई कार्यान्वयन गर्न सम्बन्धित निकायसँग सहकार्य र समन्वय गरिनेछ । साथै मौवा देखि डिहिटारसम्म पिचको लागि समपुरक अनुदानको सदुपयोग गर्दै संघीय सरकार समक्ष विशेष पहल गरिनेछ ।

४४. तुम्बेवा गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्यलाई निरन्तरता दिदै वडा नं २ को वडा कार्यालय भवनलाई निर्माण गर्न समपुरक अनुदानलाई सदुपयोग गरिनेछ । साथै पशुसेवा कार्यालयको भवन निर्माण प्रक्रिया अगाडी बढाउन आवश्यक पहल गरिनेछ ।

४५. सार्वजनिक भौतिक संरचनाहरु बालमैत्री, अपांगमैत्री, महिला तथा जेष्ठ नागरिक मैत्री बनाइनेछ ।

४६. पालिका क्षेत्र भित्र निर्माण गरिने निजी भवनको समेत मापदण्ड निर्धारण गरी नक्सापास गरेर मात्र भवन निर्माण इजाजत दिइनेछ ।

४७. पानीका स्थायी श्रोत तथा मुहानहरुको पहिचान गरी सम्भाव्यताका आधारमा श्रोतहरुको सदुपयोग गर्दै खेतीयोग्य क्षेत्रहरुमा सिँचाई सुविधा उपलब्ध गराइनेछ ।

४८. स्थानीय प्रविधि एवं सामाग्रीहरुको प्रयोग गर्दै तथा प्लाष्टिक पोखरी निर्माण गरी बर्षातको पानी संकलन गर्न प्रोत्साहन गर्दै महिला, दलित र विपन्न वर्गको आय बृद्धिको लागि करेसावारीमा व्यवसायीक तरकारी खेती गर्न सहयोग उपलब्ध गराइनेछ ।

४९. स्थानीय सरकार तथा उपभोक्ताहरुको लागत सहभागितामा सिँचाई आयोजनाहरु संचालन गर्दै आयोजना माथि स्थानीयहरुको अपनत्व सृजना गर्ने, नियमित रुपमा तिनीहरुको मर्मत संम्भार गर्ने वातावरण विकास गरिनेछ ।

५०. तुम्बेवा गाउँपालिकाका अन्तरर्गतका सबै वडा तथा वस्तीहरुमा केन्द्रिय विद्युत प्रसारण ग्रिड तथा विद्युत सहकारीको माध्यमबाट विद्युत विस्तार गर्न सम्बन्धित निकाय समक्ष विशेष पहल गरिनेछ ।

५१. अति विपन्न, सीमान्तकृत घरपरिवारलाई निःशुल्क सौर्य उर्जाको वितरण गरिनुको साथै घरघरमा सुधारीएको चुलो तथा बायोग्याँस प्रयोगलाई प्राथमिकता दिई दाउरा बाल्ने अभ्यासलाई न्यूनीकरण गर्दै लगिनेछ ।

५२. सरकारी कार्यालयहरुमा अनलाइन मार्फत सेवा प्रवाह तथा आइसिटीको प्रयोग गर्दै प्रशासनिक  कार्य तथा सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाइनेछ ।

तुम्बेवा गाउँपालिका अन्तर्गतका सामुदायीक विद्यालयहरुलाई उपलब्ध स्रोतसाधनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै क्रमश: सुधार गर्दै लगिनेछ ।

५३. तुम्बेवा गाउँपालिकामा सूचनाको हकलाई सुनिश्चित गर्न मोबाइल एप्सको प्रयोग गरिनुको साथै कार्यालयको आधिकारीक वेबसाइटलाई अपडेट गर्दै लगिनेछ । साथै गाउँपालिकाका कामकारर्वाहीका बारेमा स्थानीय संचारमाध्यम मार्फत जानकारी गराइनेछ ।

५४. तुम्बेवा गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत, एम.आइ.एस अपरेटर तथा फिल्ड सहायकको लागि एक चौमासिक बराबर पारिश्रमिकको व्यवस्था गरिनेछ ।

५५. तुम्बेवा गाउँपालिकाको भौगोलिक विकटता, खाद्य सुरक्षाको अवस्था, पोषण र जनस्वास्थ्यलाई मध्यनजर गरी सुआहाराको कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

५६. तुम्बेवा गाउँपालिकाको आर्थिक, सामाजिक परिवेश तथा विपन्नतालाई विश्लेषण गर्दै जनताका आधारभूत आवश्यकतासँग सम्बन्धित वितरणका कार्यक्रमहरुलाई अवलम्बन गरिनेछ ।

५७. प्राकृतिक सम्पदाको दिगो उपयोगको साथै बातावरणको संरक्षण गर्न आगोलागी तथा वन फडानीलाई नियन्त्रण गर्न वन उपभोक्ता समितिहरु तथा स्थानीयवासीहरुलाई क्रियाशील बनाइनेछ ।

५८. "**सामुदायिक वन: विपन्नको धन**" भन्ने नारालाई सार्थक बनाउन सामुदायीक वनहरुको बार्षिक कार्ययोजना निर्माण, नविकरण गरी कार्ययोजना बमोजिम वन पैदावारको समन्यायीक वितरण तथा विक्रि गरी उद्यमशिलता लक्षित आयआर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।

५९. जैविक विविधताको संरक्षण गर्न समुदायस्तरमा चेतना अभिबृद्धी गर्दै जडिबुट्टी लगायतका वन क्षेत्रको विकास, विस्तार तथा वन्यजन्तुहरुको संरक्षणमा जोड दिइनेछ ।

६०. गाउँपालिका भित्रको अव्यवस्थित वन अतिक्रमणको नियन्त्रण गरी सम्पूर्ण सार्वजनिक, सामुदायीक, निजि वनको संरक्षण, सम्बर्द्धन गर्न वन क्षेत्रमा बृक्षारोपण, वन क्षेत्रको आगोलागी नियन्त्रण सचेतना तथा सामाग्रीको उपलब्धता साथै वन क्षेत्रमा आगो लगाउने लाई कानूनी दायरामा ल्याई दण्ड जरिवाना गरिनेछ ।

६१. ढुङ्गा, गिटी, बालुवा र अन्य प्राकृतिक श्रोतको उपयोग गर्दा आवश्यकता अनुसार EIA, IEE गरेर मात्र प्रयोग अनुमति गरिनेछ ।

६२. संविधान एवं स्थानीय सरकार संचालन ऐनमा गरिएको प्रावधान अनुसार कार्यसम्पादनका लागि आवश्यक सबै प्रकारका ऐन, नियम, कार्यविधि एवं मापदण्डहरु बनाई सार्वजनिकीकरण गर्दै कार्यान्वयनमा ल्याइनेछ ।

६३. नागरिकलाई प्रवाह हुने सेवा सुविधाको सहज पहुँचका लागि गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई व्यवस्थित गरिनुका साथै जिम्मेवारीमा स्पष्टता र संस्थागत क्षमता अभिबृद्धि गरिनेछ ।

६४. तालिम तथा अभिमुखिकरणबाट गाउँपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी निर्णय प्रक्रिया र सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ ।

६५. केन्द्रिय सरकारको नीति बमोजिम तुम्बेवा गाउँपालिकामा पाँच शैयाको अस्पताल निर्माण कार्य शुरु गरिनेछ साथै इलाका प्रहरी कार्यालय भवन र कभर्डहल निर्माणका लागि पहल गरिनेछ ।

६६. तुम्बेवा गाउँपालिकामा ठूला र महत्वपूर्ण रुपमा हेरिएको विद्युतिकरण र लिफ्टिङ खानेपानी आयोजनालाई यथाशिघ्र सम्पन्न गरी नागरिकलाई सेवा प्रदान गराउन विशेष पहल गरिनेछ साथै विपन्न वर्गहरुका लागि सहुलियत दरमा मिटरबक्स उपलब्ध गराउन पहल गरिनेछ ।

६७. स्थानीय मौलिक संस्कृती तथा परम्परागत सीपसँग जोडिएको घरेलु उत्पादन व्यवसायीकरणको लागि समन्वय गरिनेछ ।

६८. गाउँपालिका भित्र संचालन हुने योजनाहरु तथा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरुमा बैदेशिक रोजगारबाट फर्किएका तथा स्थानीय बेरोजगार युवाहरुलाई अभिलेखिकरण गरी प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानिय तहमा दर्ता भएका बेरोजगार व्याक्तिहरुलाई न्युनतम् रोजगारी सृजना गर्न सार्वजनिक विकास निर्माण अन्तर्गत युवा रुपान्तरण पहल आयोजना र कामका लागि पारिश्रमिक आयोजनाहरु छनौट गरि गाउँपालिकाका तथा वडागत योजनाहरुमा साझेदारीमा संचालन गरिनेछ । कृषि तथा पशु शाखा, उद्यम विकास कार्यक्रम (मेडपा) सँग समन्वय गरी आन्तरिक रोजगारी सृजना गर्नको लागि सीप विकास तालिमहरु संचालन गर्दै सरकारी, गैह्रसरकारी, निजी तथा सहकारीसँग समन्वय गरी रोजगारमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

६९. तुम्बेवा गाउँपालिका अन्तर्गका सहकारीहरुलाई प्रभावकारी रुपमा सहकारी शिक्षा, सुशासन सम्बन्धी आवश्यक तालिम प्रदान गर्दै प्रभावकारी रुपमा नियमन गरिनेछ ।

७०. संघीय सरकारको **'खरको छानो विस्थापन'** गर्ने कार्यक्रमलाई गा.पा.का सम्पूर्ण वडाहरुमा न्यायोचित तवरले वितरण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

७१. स्थानीयस्तरको धार्मिक-साँस्कृतिक पर्यापर्यटनको प्रवर्द्धनको लागि जगत बौद्ध गुम्वाको निर्माणाधीन अवस्थालाई वडा तथा गाँउपालिकाको साझेदारीमा यस बर्ष निर्माण गर्न बजेटको व्यवस्था गरिनेछ ।

७२. **"तुम्बेवाको वन : जनताको धन"** भन्ने नारामा आधारित रहि वनपैदावर निकासी तथा पैठारीमा व्यवस्थित गरि वन पैदावारबाट प्राप्त रोयल्टीको दरलाई समय सापेक्ष परिमार्जन गरिनेछ ।

७३. गाउँपालिका भित्रका पानीका मुहानहरुलाई संरक्षण गर्न बृक्षारोपण गर्दै सार्वजनिक जग्गामा रहेका पानीका मुहानहरु तथा खानीजन्य पदार्थ गाउँपालिकाको कानून बमोजिम प्रयोग गर्ने नीति अङ्गगीकार गरिनेछ ।

७४. तुम्बेवा गाँउपालिका भित्रका प्राकृतिक प्रकोप पिडितलाई राहत प्रदान गर्न विपद् व्यवस्थापन कोषको परिचालन **"विपद् व्यवस्थापन कोष कार्यविधि"** मार्फत गरिनेछ। साथै विपद जोखिम नक्साङ्कन गरी जोखिममा परेका बस्तीहरुको पहिचान गरी स्थानान्तरण गर्न प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

७५. खडेरी, बाढी, पहिरो, आगलागी प्रभावित क्षेत्रका जनतालाई सहुलियत प्रदान गर्न प्रदेश सरकार तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ। विपदपूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनीकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

७६. **“सार्वजनिक सेवामा सुशासन, चुस्त र दुरुस्त सार्वजनिक प्रशासन”** बनाउन प्रविधिमैत्री सेवा प्रवाहमा जोड दिइनेछ साथै प्रवक्ता, सूचना अधिकारीको माध्यमबाट गाँउपालिका कामकारर्वाहीलाई पारदर्शी बनाइनेछ ।

७७. स्थानीय सरकारसंगको सम्बन्धित जनताको चासो, सरोकार र गुनासो सुनुवाई गर्न र जनप्रतिनिधि र कर्मचारीसँग जनताको प्रत्यक्ष अन्तक्रिया कार्यक्रमलाई संचालनमा ल्याइनेछ ।

७८. सार्वजनिक सेवालाई जनमुखि, जनउत्तरदायी बनाउन कर्मचारीको मनोबल उच्च राखि नियमिततामा बृद्धि गरी सेवा प्रवाहलाई समय सापेक्ष बनाउन गाउँपालिकाका उत्कृष्ट एक कर्मचारीलाई प्रोत्साहन उपलब्ध गराइनेछ ।

७९. प्रत्येक चौमासिकमा व्यक्तिगत घटना दर्ता कितावको विवरण पञ्जीकरण विभागमा पठाउने व्यवस्था मिलाइनेछ साथै प्रत्येक चौमासिकमा टोल-टोल मा घुम्ती शिविर सगैं व्यक्तिगत घटना तथा समाजिक सुरक्षा सम्बन्धी जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिने छ ।

८०. व्यक्तिगत घटना दर्ता तथा पञ्जिकरण सम्बन्धी कार्यहरु अनलाइन प्रणाली मार्फत व्यवस्थापन साथै यस सम्बन्धी सुचनाहरु एफ.एम रेडियो, पर्चा पम्प्लेट, व्यानर मार्फत प्रसार गरिनेछ ।

८१. गाँउपालिका कार्यालयमा रहेको सेवा प्रवाहको चाप, कार्यालय व्यवस्थापनमा भवनको अभाव, दुरदराजमा रहेका तुम्बेवाबासी जनताहरुको सेवा पहुँचमा कठिनाईलाई मध्यनजर गर्दै प्राविधिक तथा आवश्यक प्रशासनिक कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी प्रत्यायोजन गर्दै गाउँकार्यपालिका कार्यालयमा हुने कतिपय वडा स्तरबाट प्रवाह गर्न सकिने सेवालाई सो बमोजिम गर्दै लगिनेछ ।

८२. कोभिड महामारी विरुद्ध नागरिक हरुलाई बचाउने शिलशिलामा कुनै पनि स्वास्थ्यकर्मी तथा अग्रभागमा खटिने कर्मचारी, जनप्रतिनिधि संक्रमित भई निजको अवस्था गम्भिर भई अस्पताल भर्ना गर्नुपर्ने भएमा कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोषबाट परिस्थिति बमोजिम उपचार खर्च उपलब्ध गराइनेछ ।

८३. महामारीका कारण ५ बर्ष मुनिका बालबालिकाहरुमा देखिने कुपोषण प्रमुख चुनौतीको रुपमा देखिने हुँदा यसलाई न्यूनीकरण गर्न सुत्केरी महिला तथा शिशुहरुलाई मध्यनजर गर्दै **"आमा बच्चा पोषण कार्यक्रम"** लाई निरन्तरता दिइनेछ । नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरु सञ्चालन गरिनेछ ।

८४. तुम्बेवा गाउँपालिकाको भौगोलिक विकटता, जनताको जीवनस्तर विश्लेषण गर्दै स्वास्थ्य सेवामा पहुँच स्थापीत गर्न एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

८५. तुम्बेवा गाउँपालिका वडा नं. ५ मा अवस्थित स्वास्थ्य चौकी हाङ्गुममा SBA तालिम प्राप्त स्वास्थ्य कर्मी सहित बर्थिङ सेन्टर स्थापना गरिनेछ ।

८६. युनिसेफ र नेपाल सरकार बाट सञ्चालन भइरहेको बहुक्षेत्रिय पोषण योजना कार्यक्रम लाई पाँचवटै वडाहरुमा विस्तार गर्न आवश्यक बजेटको प्रवन्ध मिलाईनेछ ।

८७. सामाजिक विकास मन्त्रालय १ नं प्रदेश, तुम्वेवा गाउँपालिका र करुणा फाउन्डेशन नेपालको त्रिपक्षीय साझेदारीमा संचालन भइरहेको अपाङ्गता

रोकथाम तथा पुर्नस्थापना कार्यक्रम अन्तर्गत स्वीकृत भएको वार्षिक कार्यक्रम अनुसार आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८८. दीगो विकास लक्ष्य सन् २०३० लाई मध्यनजर गर्दै नेपाल सरकारले तोके बमोजिम ४ पटक गर्भजाँच, संस्थागत सुत्केरी र छ महिनासम्म बच्चालाई पूर्ण स्तनपान गराए बापत पोषण खर्चको व्यवस्था मिलाइनेछ ।

८९. क्षयरोगका जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सक्रिय क्षयरोग खोजपढ्ताल कार्यक्रम, घरपरिवारका सदस्यहरुको सम्पर्क परिक्षण, समुदायमा क्षयरोगका विरामीहरुको खोजपढ्तालका लागि क्षमता अभिबृद्धी तथा परिचालन गरिनेछ ।

९०. स्वास्थ्य सचेतिकरण कार्यक्रम सहित नियमित खोप सुदृढिकरण, पूर्ण खोप दिगोपना र सरसफाई प्रवर्द्धन आधारभूत स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रम संचालन तथा सुदृढिकरण, विद्यालय स्कृनिङ कार्यक्रम र स्वास्थ्य सम्बन्धी विभिन्न अभिमूखिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

९१. नेपाल सरकारबाट उपलब्ध सर्शत वित्तिय हस्तान्तरणमा स्थानीय तहले श्रोतहरुको उपलब्धताका आधारमा पोषण कार्यक्रमलाई उच्च प्राथमिकतामा राखि आन्तरिक श्रोतबाट समेत बजेट थप गरी बहुक्षेत्रिय पोषण योजनाले लक्षित गरेका क्षेत्रहरुको ( स्वास्थ्य, कृषि, पशुपंक्षी, महिला विकास, शिक्षा, खानेपानी तथा सरसफाई र शासकीय प्रवन्ध) कार्यक्रमलाई मध्यनजर गरी विपन्न समुदायका महिला समूह वा सहकारी आयआर्जन, पोषण सुधारको लागि विद्यालय खानेपानी, शौचालय तथा महिनावारी सरसफाई व्यवस्थापन साथै सुनौलो हजार दिनका महिला, बालबालिका र किशोर किशोरीहरुलाई लक्षित गरी कार्यक्रम संचालन गरिनेछ ।

९२. स्वस्थ्य जीवन कार्यक्रम अर्न्तगत **रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नै नदिन उत्तम** हुने हुँदा रोग लाग्न नदिनका निम्ति गर्न सकिने स्वास्थ्य जीवनशैलीको बारेमा जनमानसमा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

९३. तुम्बेवा गाउँपालिका अन्तर्गत रहेको मौवा पंचमी आयुर्वेद औषधालयलाई नमूना आयुर्वेद बनाउँदै यस गाउँपालिका भित्र तथा अन्य गाउँपालिकाका सेवाग्राहीहरुलाई लक्षित गरी निःशुल्क आयुर्वेद स्वास्थ्य सेवा पुऱ्याउने उद्येश्यका साथ आयुर्वेदिक पद्यतीबाट विभिन्न रोगको उपचार तथा परामर्श सेवा साथै निःशुल्क औषधी वितरण गरिने नीति तथा लक्ष्य सहित अन्य वडामा आयुर्वेद सेवा केन्द्र विस्तार गर्दे लगिनेछ ।

९४. यस आ.व.मा मौवा पंचमी आयुर्वेद औषधालयलाई थप व्यवस्थित तथा सुरक्षित गर्नको लागि कार्यालय घेराबारा, रंगरोगन साथै स्वास्थ्य जीवनको लागि रोग लाग्नु भन्दा रोग लाग्न नदिनका निम्ति दैनिक रुपमा योग, प्रणायाम र ध्यान गर्नका लागि निर्माण भएको योग भवनमा सिलिङ लगाउने लक्ष्य रहेको छ ।

९५. सरुवा रोग तथा नसर्ने रोग दैनिक रुपमा शारिरीक, मानसिक सकृयाता राख्नको निम्ति दैनिक योग अभ्यासको व्यवस्था मिलाइने छ । यसका लागि योग हलको व्यवस्था भएको छ साथै अन्य भौतिक संरचनाको उचित व्यवस्था मिलाइने छ ।

९६. नसर्ने रोग, नशाका रोगी तथा सबै रोगको लागि उपयुक्त पंचकर्म थेरापीका लागि कर्मचारी तथा आवश्यक उपकरणहरुको व्यवस्थापन भएको र उक्त सेवालाई अझ विस्तार गर्दै लगिनेछ साथै कार्यालय परिसरमा यहाँको

हावापानीमा सुहाउदो औषधीयुक्त गुण भएका जडिबुटी रोपण तथा संरक्षण गर्दै लगिनेछ ।

**गाउँसभाका सदस्यहरु,**

९७. तुम्बेवा गाउँपालिका वडा नं ३ इन्द्राणी मा.वि.मा प्राविधिक शिक्षा प्रदान गर्ने उद्येश्यले संचालित पशु विज्ञानको थप कक्षा संचालन साथै गोठ व्यवस्थापन गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ ।

९८. आगामी आर्थिक बर्षमा **साक्षर नेपाल अभियानका** लागि व्यापक सरोकारवालाहरु परिचालन गरि साक्षरता सँग सम्बन्धित बिभिन्न कार्यक्रमहरु सन्चालन गरि गाउँपालिका भित्र रहेका गरिब तथा जेहेन्दार बिद्यार्थीको छनोट गरि प्राविधिक उच्च शिक्षा अध्ययनका लागि आवश्यक मापदण्डको आधारमा **छात्रबृत्ति** उपलब्ध गराइनेछ ।

९९. नेपाल सरकारबाट सञ्चालित **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम** लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न शिक्षासँग सम्बन्धीत सरोकारवाला निकायमा पहल गरिनेछ ।

१००. प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम रु १५ हजार मध्ये नेपाल सरकारबाट बृद्धि भएको रकम बाहेक न्यूनतम पारिश्रमिक भन्दा कम तलब हुन आउने पारिश्रमिक स्थानीयतहबाट व्यहोर्ने व्यवस्था गरिनेछ । साथै प्रारम्भिक बालविकास केन्द्रहरुलाई आवश्यक बाल सामाग्री व्यवस्था गरिनेछ ।

१०१. विद्यालयमा विज्ञान शिक्षालाई प्रभावकारी बनाउन बिज्ञान प्रयोगशाला निर्माण तथा बिज्ञान सामग्री आवश्यक मात्रामा वितरण र प्राविधिक

धार सञ्चालित विद्यालयलाई पुर्वाधार सम्पन्न बनाउन आवश्यक ल्याब सामग्री अनुदान दिइनेछ ।

१०२. स्थानीय भाषा, मातृभाषा, संस्कृति, सभ्यता, मूल्यमान्यता र राष्ट्रिय एकताको सम्बर्द्धन गर्न स्थानीय परिवेशमा आधारित **स्थानीय पाठ्यक्रम** निर्माण, प्रबोधिकरण गरि कार्यन्वयनमा ल्याइने नीति अवलम्बन गरिनेछ ।

१०३. विद्यालयलाई प्रविधिमैत्री बनाउन सबै माध्यमिक तथा आधारभूत विद्यालयमा ICT कार्यक्रमलाई लागु गरी उच्च गतिको इन्टरनेट जडान कार्य क्रमश सुरु गरिनेछ । विद्यालयमा शिक्षक तथा कर्मचारीको नियमित उपस्थित भै शिक्षण कार्यको लागि सबै विद्यालयहरुमा विद्युतीय हाजिरी प्रणालीलाई अनिवार्य गरि अनिवार्य लागु गरिनेछ ।

१०४. नेपाल सरकारले शैक्षिक सत्र २०७७ देखि कार्यान्वयनमा ल्याएको एकीकृत पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, विद्यालय शिक्षालाई गुणस्तरीय बनाइ शिक्षकको समय सापेक्ष वृत्तिविकासमा ध्यान दिइ पुनर्ताजगी तथा बालमैत्री शिक्षण सिकाई सम्बन्धी तालिम दिइ सार्वजनिक विद्यालयको शैक्षिक तथ्याङ्कलाई व्यवस्थापन तथा अध्यावधिक गराइराख्न IEMIS अभिमुखिकरण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

१०५. शिक्षण सिकाई कार्यलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाउन सम्पूर्ण माध्यमिक विद्यालयमा **आई.सी.टि. सम्बन्धी तालिम** सञ्चालन गरिनेछ । विद्यालयको शैक्षिक नीति, योजना र कार्यक्रम निर्माणमा सरोकारवालाको महत्वपूर्ण सहभागिता अवलम्बन गरि विद्यालयमा सञ्चालित कार्यक्रमको नियमित अनुगमन तथा विद्यालय सुपरिवेक्षण

कार्यलाई व्यापक बनाई शैक्षिक क्षतिलाई कम गर्दै शिक्षकले कक्षाकोठामा बिताउने समयसुधार उपलब्धी मापनका लागि निश्चित सूचकहरु निर्धारण गरि सो सम्बन्धी अन्तरक्रिया सञ्चालन गरि प्राप्त सुझावहरु समेटि **शिक्षक आचार संहिता** लागु गरिनेछ साथै गाउँपालिका भित्रका उत्कृष्ट एक शिक्षकलाई सम्मान तथा प्रोत्साहन स्वरुप **तुम्बेवा पदक** प्रदान गरिनेछ ।

१०६. शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक, अभिभावक, जनप्रतिनिधि लगायत सम्पूर्ण सरोकारवालाहरुको सहभागितामा **विद्यालयसँग स्थानीय सरकार कार्यक्रम** सञ्चालन गरिनेछ । शैक्षिक क्षेत्रमा अभिभावकको अंग्रेजी शिक्षाप्रतिको बढ्दो मोहलाई मध्यनजर गरी विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन विस्तार क्रमश गरिनेछ ।

१०७. खेलकुदको माध्यमबाट गाउँपालिकालाई राष्ट्रिय रुपमा चिनाउन पालिकास्तरमा **राष्ट्रपति रनिङ्ग शिल्ड** प्रतियोगिताको आयोजना गरिनेछ । शैक्षिक क्षेत्रको विकास गर्न शैक्षिक क्षेत्रमा कार्यरत सरोकारवालाहरुको आत्मबललाई उच्च राख्न **शिक्षा दिवस,** बालबालिकालाई शिक्षा क्षेत्रमा आकर्षित गर्ने उदेश्यले **बाल दिवस** जस्ता कार्यक्रमहरु विद्यार्थीहरुको सिर्जनात्मक क्रियाकलापको विकासमा ध्यान दिदै सञ्चालन तथा विद्याथीलाई प्रोत्साहन गरिनेछ ।

१०८. विद्यालय-शैक्षिक सरोकारवाला सहयोग कार्यक्रम संचालनका लागि विद्यार्थीको नेतृत्व विकास, सीप तथा क्षमता विकास गरी समाजमा सकारात्मक प्रभाव पारी सामुदायीक विद्यालयमा आकर्षण बढाउन सरोकारवाला व्यक्ति तथा संस्थालाई सक्रिय बनाइनेछ ।

१०९. कोभिड महामारीको बढ्दो सन्त्रासलाई विद्यालयस्तरसम्म फैलन नदिन माध्यमिक विद्यालयका शिक्षकहरुलाई परिचालन गरी अभिमुखिकरण सहित विद्यालयका किशोरकिशोरीहरुलाई नियमित मनोसामाजिक विमर्श तथा यौन शिक्षा प्रदान गरिनेछ ।

११०. विद्यालयमा कोभिड-१९ को महामारीलाई फैलन नदिन विद्यालयस्तरमा विशेष सावधानीका स्वास्थ्य मापदण्डका सामाग्रीहरु मास्क, सेनिटाइजर, ग्लोब्स लगायतका सामाग्रीहरु उपलब्ध गराइनेछ ।

१११. शैक्षिक संस्थालाई **विशुद्ध स्वच्छ, तटस्थ सेवा केन्द्रको** रुपमा विकास गरिनेछ । सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि गर्न **पेशागत आचारसंहिता** लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

११२. तुम्बेवा गाँउपालिका लाई तरकारीमा आत्मनिर्भर बनाउन **"एक घर : एक करेसाबारी"** नीतिलाई प्रभावकारी रुपमा लागु गर्न मसलाबाली, तरकारी बाली, खाद्यान्न बाली, फलफूल बालीको उत्पादन क्षेत्र निर्धारण गरिनेछ । बेमौसमी तरकारीको उत्पादन बढाउनको लागि प्लाष्टिक टनेल खेतीमा जोड दिइने छ साथै आकासे पानी, हिउँ/तुसारोको पानी संकलन गर्न प्लाष्टिक पोखरी, थोपा सिचाई पाइप, जुठानमचान आदि अनुदानमा वितरण गरिनेछ ।

११३. कृषिलाई आयमूलक आधुनिक र मर्यादित पेशा तथा उत्पादनशील व्यवसायको रुपमा विकास गर्न सुख्खा ग्रस्त क्षेत्रको खाद्यान्न बालीमा लाग्ने **अमेरिकन फौजीकीरा**, **डढुवा** रोग जस्ता कृषिबाली जन्य रोगको रोकथामका लागि आवश्यक बिषादी अनुदानमा वितरण गरिनेछ ।

११४. कृषकहरुलाई आवश्यक पर्ने विषयगत तालिमहरु सञ्चालन गरिनेछ र बिग्रिदै गएको माटोको संरचनालाई सुधार ल्याउनको निम्ति माटो परिक्षणको लागि आवश्यक प्रविधि अपनाइनेछ ।

११५. उन्नत कृषि प्रविधि सम्बन्धी साना प्रदर्शन सामाग्री (फेरोमेन ट्राप, एलो स्टिकि ट्राप, लाईट ट्राप आदि) वितरण गरिनेछ । रासायनिक मलको आयातलाई न्यूनीकरण गर्न जैविक मल, विषादी बनाउने तालिम, गड्यौले मलको विस्तार तथा गोठ सुधार अर्न्तगत मल मुत्र व्यवस्थापन गर्दै प्राङ्गारिक खेती तर्फ जोड दिदै नमूना कृषिफर्म जस्ता कार्यक्रममा अनुदान दिने प्रावधान मिलाइनेछ ।

११६. कृषि तथा पशुपालन व्यवसायको जोखिम न्यूनीकरणको लागि **बाली तथा पशु वीमा कार्यक्रममा** सहभागी हुन किसानहरुलाई प्रोत्साहान गरिनेछ ।

११७. तुम्बेवा गाँउपालिकामा पशुको नश्ल सुधार गर्न कृत्रिम गर्भधारण कार्यक्रमलाई कार्यान्वयन गरी उन्नत जातका पशुपालन व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

११८. गाउँपालिका भित्र गाईवस्तु बाखा पाठा लगायतका जिवजन्तुमा लाग्ने जुनोटिक रोग लगायत विभिन्न रोगहरुको निदान गर्न स्कुल शिक्षा दिईने छ साथै औषधि उपचारको लागि आवश्यक मात्रामा औषधिको प्रबन्ध मिलाइनेछ ।

११९. कृषि तथा साना उद्योगलाई प्रवर्द्धन गर्नको लागि **सानाडेरी** उद्योगको प्रवर्द्धन तथा उत्पादित सामाग्रीको बजार व्यवस्थालाई क्रमश व्यवस्थापन गर्दै लगिने छ । कृषि तथा पशुपालनलाई प्रवर्द्धन गरि उत्पादित सामाग्रीको

माध्यमबाट तुम्बेवा गाउँपालिकालाई चिनाउन आवश्यक कार्यक्रमको प्रबन्ध गरिने छ ।

१२०. गाइपालन, कुखुरापालन, बँङ्गुरपालन, बाख्रापालन जस्ता व्यवसायलाई आधुनिकीकरण गर्दै प्राविधिक सहयोगमा उत्पादन वृद्धि गरी बजार व्यवस्थापनमा विशेष जोड दिएर आर्थिक उन्नतीमा लाग्न प्रोत्साहन गरिनेछ ।

१२१. धार्मिक दृष्टिले महत्वपूर्ण तुम्वेवा मन्दिर, धुवाँराजा-धुवाँरानी र इन्द्रावती मन्दिर, सहिदपार्कलाई आन्तरिक धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ । आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्न तमोर नदिमा ऱ्याप्टिङ सञ्चालन गर्न प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

१२२. बालबालिका तथा महिलाहरु माथी हुने हिंसात्मक तथा यौनजन्य दुर्व्यवहार न्यूनीकरणको लागि सरोकारवालाहरुको सहभागितामा विभिन्न तालिम, सशक्तिकरण तथा जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ साथै पिडित तथा प्रभावितहरुका लागी स्थानीय स्तरबाट नै तत्काल उद्धार तथा राहत प्रदान गर्न समिति गठन तथा कोष स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

१२३. गाउँपालिकास्तरीय जेष्ठ नागरिक तथा अपाङ्ग नागरिक सम्मान कार्यक्रम, नारी दिवस कार्यक्रम, गाउँपालिका भित्र बसोवास गर्ने आर्थिक, सामाजिक र शारीरिक रुपमा पिछडिएका अति विपन्न वर्गका महिलाहरुलाई जिवन उपयोगी सीपमूलक तालिम सञ्चालन गरिने छ साथै लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन गरिनेछ ।

१२४. गाँउपालिकाको क्षेत्र भित्र बसोबास गर्ने महिला, आदिवासी, जनजाति, दलित, पिछडावर्ग, सीमान्तकृत, अल्पसख्यंक जातजातिको संरक्षण एवं विकासको लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । गाउँपालिकामा संचालित जुनसुकै क्षमता विकास कार्यक्रममा सहभागी छनौट गर्दा महिला, दलित, जनजाति र अपांगता भएका व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

१२५. गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमको मेडमोडल अनुरुप स्थानीय तह आफैले यस गाउँपालिकाको उद्योग विकास शाखा र व्यवसाय विकास सेवा प्रदायक संस्था मार्फत समेत आवश्यकता अनुसार कृयाकलापहरु संचालन र परिचालन गरिनेछ । साथै नया उद्यमी सृजना तर्फ उद्यमविकासका लागि सामाजिक परिचालन सहभागीता मूलक ग्रामीण लेखाजोखा पद्यतीबाट स्थानीय श्रोतसाधन पहिचान, लक्षित समूह वर्ग पहिचान, सम्पन्नता स्तरीकरण, संभावित उद्यमी छनौट, समूह गठन, परिचालन, नेतृत्वको विकासका कृयाकलापहरु संचालन गरिनेछ

१२६. उद्यमीहरुको स्तरोन्नती तर्फ पुर्नताजकी तथा एडभान्स सीप विकास विगत देखि उद्योग संचालन गरिरहेका केहीले उद्यम व्यवसाय संचालन गर्ने मनस्थिति र केही सेवा सुविधा प्राप्त गरी विचमा व्यवसाय छोडेका लघुउद्यमीहरुको लगत संकलन गरी संचालन गर्न पुर्नताजकी तालिमहरु संचालन गरीनेछ ।

१२७. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि स्थानीयस्तरमा उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रत्येक वाडमा ५ जनाका दरले ७२ घण्टे मेलमिलाप सम्बन्धी तालिम लिएका प्रमाणपत्रधारी मेलमिलापकर्ताहरुलाई सूचिकृत गरिसकेको अवस्थामा आगामी दिनमा यसलाई अझै निष्पक्ष, छिटो,

छरितो, सुलभ, प्रभावकारी न्याय सम्पादन गर्न प्रणालीको रुपमा विकास गरिनेछ ।

१२८. गाउँपालिका तथा न्यायिक समितिको न्याय प्रणालीलाई सरल, सहज बनाउन घरदैलो अभियान सञ्चालन गर्दै सबै जनताको न्यायमा पहुँच सुनिश्चित गरिनेछ ।

**सम्पूर्ण सदस्यहरु,**

१२९. विषयगत शाखा कार्यालयहरुसँग सञ्चालित गरिबी निवारण तथा रोजगारी सिर्जना हुने कार्यक्रमकरु बिच समन्वयन र सहकार्य गरि गाँउपालिका भित्र स्थानीय सीप, स्रोत र साधनलाई सदुपयोग गरी घरेलु तथा साना उद्योग स्थापनाको लागि प्रोत्साहन गरिनेछ साथै दलित समुदायको परम्परागत सीपलाई आधुनिकीकरण गर्दै व्यवसायीकरणमा जोड दिइनेछ ।

१३०. स्थानीय स्तरमा श्रम बजारको माग र विद्यमान जनशक्ति उपलब्धताको विश्लेषण तथा प्रक्षेपण गरी स्थानीय क्षेत्रमा उपलब्ध सीमित स्रोत र साधनको उच्चतम उपभोग गरी अपेक्षित उपलब्धी हासिल गर्न स्थानीय स्तरका बेरोजगार युवाहरुलाई परिचालन गरी सार्वजनिक क्षेत्रको विकास निमार्ण कार्य र आयोजनाहरुमा रोजगारीको अवसर सिर्जना गरिनेछ ।

१३१. संघीय सरकारको विकासको तीन खम्बे नीतिलाई अंगिकार गर्दै सहकारी क्षेत्रलाई आर्थिक विकासको महत्वपूर्ण खम्बाको रुपमा विकास गर्न समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त तथा सुशासित संगठनको रुपमा प्रवर्द्धन गरिनेछ ।

१३२. स्थानीय सहकारी संस्थाहरुको दर्ता, नवीकरण तथा व्यवस्थापन तथा पारदर्शीता तथा अनुमानयोग्य बनाउदै नियमनकारी भूमिका निर्वाह गरिनेछ ।

१३३. स्थानीय सरकार सँगको सम्बन्धित जनताको चासो, सरोकार र गुनासो सुनुवाई गर्न र जनप्रतिनिधि, कर्मचारीसँग जनताको प्रत्यक्ष अन्तरक्रिया कार्यक्रमलाई संचालनमा ल्याइनेछ ।

१३४. प्रदेश नं १ का सम्पूर्ण श्रमजिवी पत्रकारहरु, स्वास्थ्य सुरक्षाका लागि प्रदेश पत्रकार कल्याणकोषमा आवश्यक सहयोग गरिनेछ ।

१३५. स्थानीयस्तरमा समग्र पत्रकारीता क्षेत्रलाई गतिशिल,मर्यादित, सकारात्मक खवरदारी, आवाजविहिनलाई सम्बोधन गर्न पत्रकारमहासंघ पाँचथर शाखासँग समन्वय गरिनेछ ।

राजनीतिक समाजिक तथा आर्थिक उपलब्धीलाई संरक्षण गर्दै थप उन्नत बनाउने तुम्बेवाको हित, गौरब, सम्मान र स्वाभिमान बृद्धि गर्ने र सबैसँगको सम्बन्धमा सुदृढ गर्ने, महामारीबाट प्रभावित सामाजिक, आर्थिक क्षेत्रहरुलाई पुर्नजीवन दिई विकास निर्माणलाई तिव्रता दिने अठोटका साथ आर्थिक बर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

अत्यमा,

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट लक्ष्य अनुसारको आर्थिक बृद्धि, महामारीको असर न्यूनीकरण, सामाजिक आर्थिक क्षेत्र गतिशिल भई आर्थिक बृद्धि, पारस्परिक सम्मान र अवसर, विकासका लाभहरुको समन्यायीक वितरण सहितको सामाजिक न्याय कायम हुनेछ । यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु। अन्त्यमा तुम्बेवाको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजि सहकारी, सामुदायीक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण आमाबुबा, दाजुभाइ, दिदीबहिनी तथा विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

होमनाथ थापा

अध्यक्ष